# नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशन मितिः २०७९/०६/२८**

लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार यस बोर्डका देहायका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक प्रतियोगिताका माध्यमबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा सर्त नियमावली, २०६८ (संशोधन सहित) अनुसार योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम बोर्डको वेबसाइट (www.sebon.gov.np) बाट प्राप्त गरी निर्दिष्ट स्थानमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरी दरखास्तसाथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरूको प्रतिलिपि एक/एक प्रति तयार गरी उम्मेदवार आफैँले प्रमाणित गरी तोकिएको परिक्षा दस्तुर बुझाई सोको सक्कलै प्रति भौचर संलग्न राखी बोर्डको कार्यालय, खुमलटारमा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ। परीक्षा दस्तुर रकम नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको नेपाल धितोपत्र बोर्डको चल्ती खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ। दरखास्त बुझाउने अन्तिम दिन बिदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनमा दरखास्त बुझाउन सकिनेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | समूह | किसिम | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ०३/०७९/८० | निर्देशक | अधिकृत द्वितीय श्रेणी | प्रशासन | खुला | १ (एक) |
| २ | ०४/०७९/८० | निर्देशक | अधिकृत द्वितीय श्रेणी | प्रशासन | आ.ज. | १ (एक) |
| ३ | ०५/०७९/८० | निर्देशक | अधिकृत द्वितीय श्रेणी | कानून | खुला | १ (एक) |
| ४ | ०६/०७९/८० | निर्देशक (सी.ए.) | अधिकृत द्वितीय श्रेणी | | महिला | १ (एक) |
| ५ | ०७/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | खुला | ५ (पांच) |
| ६ | ०८/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | महिला | १ (एक) |
| ७ | ०९/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | आ.ज. | १ (एक) |
| ८ | १०/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | मधेशी | १ (एक) |
| ९ | ११/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | प्रशासन | पि.क्षे. | १ (एक) |
| १० | १२/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | कानून | खुला | १ (एक) |
| ११ | १३/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | कानून | मधेशी | १ (एक) |
| १२ | १४/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | लेखा | आ.ज. | १ (एक) |
| १३ | १५/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | सूचना प्रविधि | खुला | २ (दुई) |
| १४ | १६/०७९/८० | सहायक निर्देशक | अधिकृत तृतीय श्रेणी | सूचना प्रविधि | आ.ज. | १ (एक) |
| १५ | १७/०७९/८० | सहायक निर्देशक (सी.ए.) | अधिकृत तृतीय श्रेणी | | महिला | १ (एक) |
| १६ | १८/०७९/८० | बरिष्ठ सहायक | सहायक प्रथम श्रेणी | प्रशासन | खुला | २ (दुई) |
| १७ | १९/०७९/८० | बरिष्ठ सहायक | सहायक प्रथम श्रेणी | प्रशासन | आ.ज. | १ (एक) |

**परीक्षाको किसिम :-** लिखित र अन्तर्वार्ता।

**परीक्षा केन्द्र :-** काठमाडौँ।

**दरखास्त बुझाउने स्थान :-** नेपाल धितोपत्र बोर्डको कार्यालय, खुमलटार, ललितपुर।

**संलग्न गर्नुपर्ने कागजातहरू :-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाण पत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेस गर्नुपर्नेछ। अनुभव आवश्यक पर्ने पदहरूका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमूखबाट प्रमाणित गराई पेस गर्नुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :-** २०७९/०७/१७ र दोब्बर दस्तुर तिरी २०७९/०७/२४ सम्म बुझाउन सकिनेछ।

**उम्मेदवारको उमेरको हद :-**
- अधिकृत द्वितीय श्रेणीका पदहरूको हकमा २०७९/०७/१७ सम्म २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
- अधिकृत तृतीय श्रेणीका पदहरूको हकमा २०७९/०७/१७ सम्म २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- सहायक प्रथम र द्वितीय श्रेणीका पदहरूको हकमा २०७९/०७/१७ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।

**पदमा रही गर्नुपर्ने काम :-** बोर्डको व्यवस्थापन अन्तर्गत रही कार्य गर्नुपर्ने।

**तलब तथा सेवा, सुविधा :-** बोर्डको नियम अनुसार।

**लिखित परीक्षा मिति :-** लोक सेवा आयोगबाट कायम भए बमोजिम सम्पर्क मितिमा प्रकाशन गरिनेछ।

**परीक्षा दस्तुर :-** प्रत्येक पदका लागि आवेदन दस्तुर रु.१०० (एक सय मात्र) र देहाय अनुसार परीक्षा दस्तुर बुझाउनुपर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनुपर्नेछ।

| श्रेणी | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप परीक्षा दस्तुर |
|---|---|---|
| अधिकृत द्वितीय | रु. २,५००।- (दुई हजार पाँच सय) | रु.२००।- (दुई सय) |
| अधिकृत तृतीय | रु. २,०००।- (दुई हजार) | रु.२००।- (दुई सय) |
| सहायक प्रथम | रु. १,०००।- (एक हजार) | रु.२००।- (दुई सय) |

**सम्पर्क मिति :- पछि प्रकाशन गरिनेछ।**

## आवश्यक न्यूनतम योग्यता :

१. **अधिकृत द्वितीय श्रेणी, प्रशासन समूह, निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा वाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिस्ट उपाधि हासिल गर्नुका साथै कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्था वा पुँजी बजार, बैंक, वित्तीय, बीमा वा कानून सम्बन्धी काम गर्ने संस्थामा अधिकृत स्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको कार्य अनुभव आवश्यक पर्नेछ।

२. **अधिकृत द्वितीय श्रेणी, कानून समूह, निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि हासिल गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्था वा पुँजी बजार, बैंक, वित्तीय, बीमा वा कानून सम्बन्धी काम गर्ने संस्थामा अधिकृत स्तर वा सो सरहको पदमा कम्तीमा ५ वर्षको कार्य अनुभव हासिल गरेको।

३. **अधिकृत द्वितीय श्रेणी, निर्देशक (सि.ए.) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिस्ट उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्यता प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्था वा पुँजी बजार, बैंक, वित्तीय, बीमा वा कानून सम्बन्धी काम गर्ने संस्थामा अधिकृत स्तर वा सो सरहको पदमा कम्तीमा ५ वर्षको कार्य अनुभव हासिल गरेको।

४. **अधिकृत तृतीय श्रेणी, प्रशासन समूह, सहायक निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा वाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिस्ट उपाधि हासिल गरेको हुनुपर्ने।

५. **अधिकृत तृतीय श्रेणी, कानून समूह, सहायक निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातकोत्तर उपाधि हासिल गरेको।

६. **अधिकृत तृतीय श्रेणी, लेखा समूह, सहायक निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा, वा वित्त विषय लिई स्नातकोत्तर उत्तीर्ण गरेको वा स्नातकोत्तर सरहको चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिस्ट उत्तीर्ण।

७. **अधिकृत तृतीय श्रेणी, सूचना प्रविधि समूह, सहायक निर्देशक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको।

८. **अधिकृत तृतीय श्रेणी, निर्देशक (सि.ए.) पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिस्ट उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्यता प्राप्त गरेको।

९. **सहायक प्रथम श्रेणी, प्रशासन समूह, वरिष्ठ सहायक पदका लागि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, अर्थशास्त्र, व्यवस्थापनमा स्नातक तह उत्तीर्ण वा वाणिज्य कानून मूल विषय लिई कानूनमा स्नातक वा सूचना प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्दछ।

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातीभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ख) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ग) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा तीन महिना अगाडि सम्मको सिफारिस पत्रको प्रतिलिपि।

### द्रष्टव्य

१. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ (संशोधन सहित) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
२. प्रत्येक समूह अन्तर्गत आ.प्र., खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङमा लिइनेछ।
३. समावेशी समूहभित्र फाराम भर्ने उम्मेदवारहरूले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नुपर्नेछ साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपले खुलाउनुपर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ। आवश्यक विवरण नखुलाउने उम्मेदवारलाई परीक्षामा समावेश गराइने छैन।
४. एकभन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरूले आफूले पेस गर्ने आवश्यक प्रमाणहरूको प्रत्येकको एक/एक प्रति मात्र बुझाए पुग्नेछ।
५. दरखास्त पेस गर्ने उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर बापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको सात (७) दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको नेपाल धितोपत्र बोर्डको चल्ती खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको भौचर दरखास्त साथ पेस गर्नुपर्नेछ।
६. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदका लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनपर्नेछ।
७. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिनेछैन।
८. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा अन्य कुनै कारणले रीत नपुगेको दरखास्त स्वीकृत गरिनेछैन।
९. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
१०. रीतपूर्वक प्राप्त नभएको दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ।
११. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
१२. पाठ्यक्रम बोर्डको वेबसाइट www.sebon.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**(यो विज्ञापन सम्बन्धी सूचना बोर्डको वेबसाइटमा समेत प्रकाशन गरिएको छ)**

**सदस्य सचिव**
**पदपूर्ति समिति**